नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
फोन नं. ०१५३६५९०८
बबरमहल,
काठमाडौं, नेपाल।

## काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी भएको सूचना!

महाशिवरात्री पर्व, २०८१ लाई अनुशासित, मर्यादित तथा व्यवस्थित बनाई भव्य एवम् दिव्य रूपमा सम्पन्न गर्न भगवान श्री पशुपतिनाथ विराजित पावन पाशुपत क्षेत्रभित्रको सुरक्षा लगायत धार्मिक, साँस्कृतिक मर्यादा र पवित्रता कायम राख्ने उद्धेश्य समेतलाई मध्यनजर गरी यही मिति २०८१/११/१२ गतेदेखि मिति २०८१/११/१५ गतेसम्मका लागि देहायका चार किल्ला भित्र कसैले पनि मासु, मदिरा तथा नशालु पदार्थहरु उत्पादन, बेचविखन, ओसार पसार, भण्डारण र सेवन गर्न समेत नपाउने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम पूर्ण रुपमा रोक लगाइएको छ। कोही कसैले यो सूचनाको बर्खिलाप हुने गरी कुनै काम गरेमा प्रचलित कानून बमोजिम कारवाही भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

मितिः २०८१/११/११

(ऋषिराम तिवारी)
प्रमुख जिल्ला अधिकारी

देहायः

- गौशाला मित्रपार्क सडकदेखि पूर्व, पशुपति क्षेत्रको पूर्व सिमानादेखि पश्चिम, गौशाला तिलगङ्गा चक्रपथदेखि उत्तर, मित्रपार्क-उमाकुण्ड-गौरीघाट हुँदै गुह्येश्वरीदेखि दक्षिण भित्रका सबै भाग।